नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन शाखा)

☎ ०९१-५२११०१ 🖷 ०९१-५२२४४६
daokailali@moha.gov.np
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63 Dhangadhi
धनगढी,कैलाली

प.सं. ०७९।८०
च.नं.- 3669

मिति:-२०८०।०१।१५

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धनगढी, कैलाली

बिषय :- जानकारी गराईदिने सम्बन्धमा ।

श्री स्थानीय तह सबै,
कैलाली ।

उपरोक्त विषयमा अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९को च.नं. १२, मिति २०८०/०१/१४ गतेको पत्र साथ प्राप्त प्रेस विज्ञप्तीको छायाँप्रति पाना-१ (एक) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गरि तहाँ स्थानीय तह मार्फत सबै वडा कार्यालयमा सूचना सम्प्रेषण गरी/गराई कोही पनि पीडित नछुट्ने व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

शिवराज जोशी
प्रशासकीय अधिकृत

अनचित लेनदेन (मिटर ब्याज) सम्बन्धी

## जाँचबुझ आयोग

२०७९ साल

सर्म्पक कार्यालय, गृह मन्त्रालय परिसर

सिंहबार, काठमाडौ

मिति : २०८०/०१/१४

पत्र. संख्या: ०८३-८०

चलानी नं : १२

श्री जिल्ला प्रशासन कार्यालय सबै,

विषय: अनुचित लेनदेन (मिटरब्याज) पीडितलाई फारम भराउने सम्बन्धमा।

उपरोक्त संबन्धमा यस आयोगको च. न.१० मिति २०८०/०१/१३ को पत्र साथ पठाइएको Word Forma मा रहेको फारम र सो फारम भरीसकेपछि Online मा भर्ने Google Form समेत पठाइएको प्रत्र प्राप्त भई ब्यहोरा अवगत छ ।

सो सम्बन्धमा थप निम्नानुसार गर्नहुन आदेशानुसार अनुरोध छ ।

१) यस आयोगबाट पठाइएको फारम सम्बन्धित जिल्लामा जिल्ला प्रशासन कार्यालयको पिडित सहायता कक्षबाट भराउने सा विगतमा निवेदन दिएकाहरुलाई पुन: भराउने व्यवस्था मिलाउने,

२) यो कार्य मिति २०८० वैशाख १७ गते देखि १५ दिन सम्मको अवधि भित्र गर्ने,

३) यो कार्यको लागि जिल्ला भित्र रहेका विभन्न संचार माध्यमहरु तथा स्थानीय पालिकाहरु मार्फत सूचना सम्प्रेसण गरी गराई कोही पनि पिडित नछुट्ने ब्यवस्था मिलाउने ।

बोदर्थ: श्री गृह मन्त्रालय, सिंहदरबार काठमाडौं

सुन्दर वान्तवा

शाखा अधिकृत

प्रचार प्रशारको लागि

# अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९

सम्पर्क कार्यालय गृह मन्त्रालय परिशर
सिंहदरबार काठमाडौं ।
मिति २०८०।१।१४

## प्रेस विज्ञप्ती १

नेपाल सरकारको मिति २०७९ चैत २० को निर्णयानुसार तीन सदस्यीय जाँचबुझ आयोग गठन भइ प्रारम्भिक काम भइ रहेको छ । यही बैशाख १७ गते देखि धनुषाको जनकपुरमा कार्यालय स्थापना भइ कार्य सन्चालन हुँदैछ ।

यस आयोगबाट अनुचित लेनदेन (मिटर ब्याज) बाट पीडितहरुको निवेदन आव्हान गरिएको छ । पीडितहरुले आफ्नो भएसम्मका सवुद प्रमाण सहित भएको व्यहोरा खुलाइ अनलाइनबाट सीधै यस आयोगमा वा निवेदकको जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन अनुरोध छ । प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित सहायता कक्ष स्थापना गरिएको छ । सोही कक्षमा निवेदन फाराम निशुल्क उपलब्ध हुनेछ । निवेदन फाराम जिल्ला प्रशासन कार्यालयकै कर्मचारीले भराइ दिने प्रवन्ध गरिएको छ ।

निवेदन यही बैशाख १७ गते देखि ३१ गते १५ पन्ध्र दिन भित्र दिनु हुन सवै पीडितहरुमा अनुरोध छ ।
निवेदकबाट भराउने फारामको अनलाइनको लिंक यस प्रकार छ
https://forms.gle/6ibZahBP6vZnnWRt8

गौरीबहादुर कार्की
अध्यक्ष